लाभ लागत विश्लेषण अध्ययन पुस्तिका

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

कार्यक्रम कार्यान्वयन एकाई, रुपन्देही

फोन नः ०७१-५७०९१७, ०७१-५७०२०१, ०७१-५८७००६

ईमेलः pmamp.piu.rupandehi@gmail.com

बेभसाईटःhttps://piurupandehi.pmamp.gov.np

लाभ लागत विश्लेषण अध्ययन प्रतिवेदन आ.व.२०८२/०८३

(Benefit Cost Analysis Study Report FY 2025/26)

प्रकाशकः राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाई, रुपन्देही

प्रकाशन मितिः २०८३ असार

श्रोत उद्दत गर्ने ठेगाना (Citation Address):

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाई, रुपन्देही, २०८३ .लाभ लागत विश्लेषण अध्ययन प्रतिवेदन २०८२/८३. राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाई, रुपन्देही, नेपाल

NAMP, PIU, Rupandehi. 2026. Benefit Cost Analysis Study Report, 2025/26. National Agriculture Modernization Program, Program Implementation Unit, Rupandehi, Nepal

बिषय सूची

१. पृष्ठभूमि.. १

२. उद्देश्य.. २

३. अध्ययनको औचित्य ३

४. अध्ययन विधि ३

५. अध्ययनको सिमा ४

६. अध्ययनको विश्लेषण तथा व्याख्या ४

६.१ जम्मा खर्चः ४

६.२ कुल आम्दानी:.. ४

६.३ लाभ लागत अनुपातः ४

६.४ खुद नाफा:... ५

६.५ प्रति के.जी लागत ५

७. बाली/वस्तु अनुसार लागत विवरण... ५

७.१ धान बाली.. ५

७.२ गहुँ बाली.. ७

७.३ केरा बाली...१३

८. सारांश तथा सुझावहरू १९

धान/गहुँ/केराको लाभ लागत अध्ययन प्रतिवेदन पुस्तिका

१. पृष्ठभूमि

प्रत्येक वर्ष बढ्दै गइरहेको दैनिक उपभोग्य वस्तुहरुको आवश्यकता परिपूर्ति गर्नको लागि खाद्यान्न बाली, नगदे बाली, फलफूल तथा तरकारी, पशुजन्य पदार्थ तथा माछाको उत्पादन तथा आपूर्तिमा वृद्धि हुँदै जानुपर्छ । तर, बढ्दो मागको तुलनामा कृषि जन्य बाली/वस्तुको उत्पादन बढ्न सकेको छैन । फलतः मूल्यबृद्धिको क्रम जारी नै छ । यसरी क्रमिक रुपमा बढिरहेको मागलाई ध्यानमा राखी कृषि जन्य बाली/वस्तुको उत्पादन बढाउने कार्यमा बढी लगानी गर्नु अत्यन्त आवश्यक हुन्छ । लगानीको अनुपातमा कृषि जन्य बाली/वस्तुको वस्तुहरुको उत्पादनबाट हुने मुनाफा कृषकको चासोको विषय बनेको छ ।

उत्पादन लागत बाली उत्पादनमा लाग्ने स्थिर र परिवर्तनशील लागतहरूको एकमुष्ट लागत हो ।नाफाको सम्बन्धमा किसानहरुले निर्णय गर्दा महत्वपूर्ण पक्षहरुको बारेमा पर्याप्त ज्ञानको आवश्यकता पर्दछ । यस सम्बन्धमा एकपटक उपलब्ध जानकारी वा कागजातहरू मार्फत केही तथ्यहरू बुझेपछि कृषकहरूले उत्पादन सामाग्रीको उचित सदुपयोग तथा व्यवस्थापन क्षमता सुधार हुन्छ ।उत्पादन लागतको तथ्याङ्कले किसानहरूलाई कृषि व्यवसायको छनौटको अवधिमा उनीहरूको निर्णय प्रक्रियामा मद्दत गर्न सक्छ । कृषकहरूले विभिन्न बाली/वस्तुको उत्पादनको लागत र अन्य कृषि क्रियाकलापहरूको तुलना गरेर कम लागत लाग्ने र सजिलै व्यवस्थापन (उत्पादन देखि बजारिकरणसम्म) गर्न उपयुक्त विभिन्न कृषि मौसम अनुकूल विभिन्न बाली उत्पादनमा हुने तुलनात्मक नाफाको ज्ञान लिन सक्छन्।

रेकर्ड गरिएको तथ्याङ्कले किसानहरूले उनीहरूको कृषि जलवायु क्षेत्र अनुकूल रहे नरहेको र उत्पादन बढेर नाफा के-कति भयो भन्ने विषयमा ज्ञान प्राप्त गर्छन्। बाली/वस्तुको उत्पादन लागतको तथ्याङ्कले नीति तथा योजना निर्माताहरुलाई योजना तर्जुमा, निर्णय तथा न्युनतम समर्थन मुल्य निर्धारणमा महत्वपूर्ण भूमिका खेल्न सहयोग पुर्याउछ। फलस्वरूप कृषक एवं समग्र कृषि क्षेत्रको सम्बृद्धि वा हित हुनुका साथै सुशासन स्थापना समेत मद्दत पुग्दछ।

यसै अनुरुप न्युनतम समर्थन मुल्य कायम गर्नका लागी सहयोग गर्न र कृषकहरुलाई वाली छनौट प्रक्रियामा मद्दत पुयाउन विभिन्न बाली वस्तुहरुको उत्पादन लागत अध्ययन गर्न राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, रुपन्देहीले यस २०८२/०८३ को धान, गहुँ र केराको लाभ लागत अध्ययनको रुपमा सञ्चालन गरेको थियो ।

२. उद्देश्य

- कृषकहरुलाई धान, गहुँ र केराको सही तथा सरल तरिकाले उत्पादन लागत तथा लाभ निकाल्न सिकाउने र धान, गहुँ र केरा खेतीको सन्दर्भमा उत्पादन लाभ, लागत सम्बन्धी जानकारीको महत्व बोध गराउने रहेको ।
- कृषिमा लगानी गरेअनुसार कृषकलाई नाफा/नोक्सान के भयो सोको जानकारी लिने ।
- विभिन्न बालीहरुको उत्पादन लागतको विस्तृत जानकारीको आधारमा वैकल्पिक बाली (जस्तैः धानको सट्टामा तरकारी, साधारण गोलभेडाको बदलामा टनेलमा उन्नत गोलभेडा खेती, साधारण माछा पालनको सट्टामा सघन मत्स्य पालन, उच्च घनत्त्वको केरा बगैंचा स्थापना) लगाउने/नलगाउने भन्ने निर्णय गर्न सहयोग पुयाउने ।
- बाली/वस्तु उत्पादन क्षेत्रफल र प्रविधिलाई थप विस्तार गर्न कृषकहरुको सुझाव संकलन गर्ने ।
- नेपाल सरकारले तोक्ने न्यूनतम समर्थन मूल्यको लागि आवश्यक पृष्ठपोषण प्रदान गर्ने।

यस अध्ययनको क्रममा किसानले प्रयोग गर्ने मलखादको प्रकार एवम् मात्रा, जनश्रम तथा पशुश्रमको प्रयोग, बालीको उत्पादकत्व, उत्पादनको मूल्य आदि खेती व्यवसायको आर्थिक सूचनाको प्रस्तुति एवम् विश्लेषण गरी कृषि क्षेत्रको नीति निर्माणमा सहयोग पुयाउने आशा गरिएको छ।

३. अध्ययनको औचित्य

लाभ लागतको अध्ययन भएमा भौगोलिक क्षेत्र, बजार र बजारको माग अनुरूप वस्तुको उत्पादन हुने, बाली सघनता कम हुने, किसानहरुमा प्राविधिक ज्ञान सीप बृद्धि हुने, जोन क्षेत्र र साधारण क्षेत्रमा कृषकहरुले उत्पादित वस्तुको तुलना गरी लेखाजोखा गर्ने, कति कृषि सामग्री प्रयोग गरेका छौं र त्यसबाट के कति उत्पादन भयो त्यसको लेखाजोखा राख्न सजिलो हुने, आफूले उत्पादन गरेका कृषि जन्य वस्तुहरु के कतिमा बिक्री वितरण गर्न ठिक हुन्छ भन्ने बारे जानकारी प्राप्त गर्न सकिने, कृषकहरु स्वयम् खेती खर्च र उत्पादन खर्च लेखाजोखा गरी नाफा नोक्सानको रेकर्ड तयार गर्न सक्षम हुने र कृषकहरुलाई खेती सम्बन्धी सम्पूर्ण कुराको जानकारी भई जिल्लाको उत्पादन वस्तुबाट मूल्य निर्धारणमा सहयोग पुर्याउने हुँदा हरेक बाली/वस्तुको लाभ लागत तयार हुन आवश्यकता छ ।

४. अध्ययन विधि

प्रति हेक्टर/बगाहा क्षेत्रफलमा लगाईएको बाली/वस्तुको लाभ र लागतको लेखाजोखा गर्न अनुसुचि १ मा रहेको कार्यक्षेत्रका कृषक समूहको सूची तयार गरी प्रश्नावली तयार गरी लाभ लागत अध्यायन गरिएको छ । सूचिकृत कृषकहरुको सूचिबाट systematic random sampling विधी अपनाई सर्भेक्षण घरधुरी छनौट गरिएको थियो। सर्भेक्षणमा फर्म/कृषकहरुलाई समावेश गरिएको थियो । भरिएका प्रश्नावलीहरुलाई Microsoft Excel मा डाटा प्रविष्टि गरी विश्लेषण गरिएको थियो ।

५. अध्ययनको सिमा

यस उत्पादन लाभ लागत अध्ययनमा कृषकको भएको खर्च मुनाफाको आँकडा अनुसार छनौट भएका स्थानीय तहका कृषकहरुको उत्पादन लाभ लागतको अध्ययन गर्दा औषत १ हेक्टर/ बिगाहा क्षेत्रफललाई आधार मानी लाभ लागत रेकर्ड तयार गरिएको छ । समय तथा बजेट सीमाका कारण सबै किसानहरुलाई समेटन नसकिएको तर जोन क्षेत्रगत प्रतिनिधित्व हुने गरी विभिन्न सूचकहरुको माध्यमबाट अध्ययन गरिएको छ ।

६. अध्ययनको विश्लेषण तथा व्याख्या

६.१ जम्मा खर्चः

जम्मा खर्चलाई चालु खर्च र स्थिर खर्चको योगफलका रुपमा लिइन्छ ।दुबै खर्चलाई नगद र सामग्रीका रुपमा उत्पादन प्रक्रिया रुपामा उत्पादन प्रक्रीयाका रुपमा समावेश भएको श्रम समेतलाई समावेश गरी गणना गरिन्छ ।

६.२ कुल आम्दानी:

उत्पादित धान/गहुँ/केरा/माछाको फर्ममा प्राप्त हुने मूल्यले गुणा गरी आउने योग नै कुल आम्दानी हो ।

कुल आम्दानी =जम्मा उत्पादन (मे.टन). —प्रति मे.टन (फर्मको मूल्य)

६.३ लाभ लागत अनुपातः

एक हेक्टरमा उत्पादित उत्पादनबाट प्राप्त हुने कुल आम्दानीलाई जम्मा लागतले भाग गरी लाभ लागत अनुपात निकालिएको छ ।

$$\text{लाभ लागत अनुपात} = \frac{\text{कुल आम्दानी}}{\text{जम्मा खर्च}}$$

यदि लाभ लागत अनुपात १ भन्दा बढी भयो भने फर्म नाफामा रहेको हुन्छ भने एक भन्दा थोरै वा ऋणात्मक भयो भने फार्म घाटामा रहेको छ भनेर बुझ्नु पर्दछ ।

६.४ खुद नाफा:

कुल आम्दानीबाट कुल खर्च घटाउदा बाँकी रहने मूल्य नै खुद नाफा हो । कुल आम्दानी र कुल खर्च वीचको फरक नै खुद नाफा हो ।

खुद नाफा = कुल आम्दानी - कुल खर्च

६.५ प्रति के.जी लागत

लागत प्रति के.जी निम्नानुसारको सूत्र प्रयोग गरेर निकालिन्छ

प्रति के. जी लागत= (प्रति बिगाहा/हेक्टर कुल लागत मूल्य–उप उत्पादनको मूल्य) / मुख्य उत्पादन परिमाण के.जी

७. बाली/वस्तु अनुसार लागत विवरण

७.१ धान बाली

प्रति हेक्टर धान खेतीको लागत अनुमान

१. चालु खर्च					
क्र.सं.	**विवरण**	**एकाइ**	**परिमाण**	**दर**	**जम्मा मुल्य रु.**
१	श्रमिक खर्च				
१.१	ब्याड राख्ने	जना	३.४१	७००.००	२३८६.००
१.२	खेत सम्माउने	जना	०.००	७००.००	०.००
१.३	बीउ उखेली खेल सम्म पुर्‍याउने	जना	११.१७	७००.००	७८१८.००
१.४	धान रोप्ने	जना	२०.२५	७००.००	१४१७५.००
१.५	गोडमेल र मलखाद दिन	जना	१४.८१	७००.००	१०३६४.००
१.६	विषादी छर्न	जना	१.७८	७००.००	१२४५.००
१.७	धान थन्काउन	जना	५.४८	७००.००	३८३८.००
१.८	सिंचाई गर्न	जना	२.८५	७००.००	१९९६.००
२	सिंचाई खर्च	रु.		७८००.००	७८००.००
३	जोताई खर्च	रु.	९.०६	२५००.००	२२६४८.००
४	थ्रेसर		१.३८	२५००.००	३४४५.००
५	रीपर/हार्बेस्टर	कठ्ठा	३०.००	४५९.४०	१३७८२.००
६	बीउ	के.जी.	४७.४४	९०.००	४२७०.००
७	प्राङ्गारीक मल (कुखुराको सुली + गोबर)	क्वीन्टल	३.६७	५०००.००	१८३६४.००
८	रासायनिक मल				
८.१	युरिया	के.जी.	६४.८४	३८.००	२४६४.००
८.२	डि.ए.पि.	के.जी.	१०४.२६	४७.००	४९००.००

८.३	पोटास	के.जी.	३७.१४	३५.००	१३००.००
८.४	अन्य–(जीङ्क).	के.जी.	१.०८	१२०.००	१३०.००
८.५	सहायक तत्व र सुक्ष्म तत्व	के.जी.		३४५.००	३४५.००
९	बाली संरक्षण	लमसम		१२००.००	१२००.००
१०	ढुवानी खर्च				
१०.१	प्राङ्गारिक मल	ट्रिप	२.४८	२०००.००	४९६५.००
१०.२	रासायनिक मल	के.जी.		४४०.००	४४०.००
१०.३	धान ढुवानी			२१६०.००	२१६०.००
११	व्यवस्थापन खर्च	रु.			०.००
१२	व्याज खर्च (कृषि ऋण/सापटिको)	रु.			०.००
	जम्मा चालु खर्च	रु.			१३००३५.००
स्थिर खर्चः					
क.सं.	विवरण	एकाइ	संख्या	दर	जम्मा लागत
१	जग्गा भाडा	कट्ठा			०
२	पानी स्रोत	रु.			०
३	मलपोत	रु.	१	१५६३	१५६३
	जम्मा स्थिर खर्च	**रु.**			**१५६३**
अन्य शिर्षभार खर्च:					
क.सं.	विवरण	एकाइ	संख्या	दर	जम्मा लागत
१	मेसिन/गोदाम/टहरो भाडा			६५६	६५६
२	मसलन्द, स्टेशनरी				०
३	मर्मत संभार			२४६८	२४६९
	जम्मा अन्य शिर्षभार खर्च	**रु.**			**३१२५**
उत्पादन तथा आम्दानी					
	विवरण	एकाइ	परिमाण	प्रति एकाइ मूल्य	जम्मा
	मुख्य उत्पादन (अन्न)	के.जी.	४२२९.२९	३५.००	१४८०२५.००

	उप उत्पादन (पराल, डाँठ, खोस्टा आदि)	लमसम			२८६६२.००
	कुल आम्दानी				**१७६६८७.००**
लाभ लागत					
	कुल लागत				१३४७२३.००
	कुल आम्दानी				१७६६८७.००
	ख/ग				**१.३१**

७.२ गहुँ बाली

प्रति हेक्टर गहुँ खेतीको लागत विवरण, रुपन्देही					
चालु खर्च					
क्र.सं.	**विवरण**	**एकाइ**	**परिमाण**	**दर**	**जम्मा मुल्य रु.**
१.००	श्रमिक खर्च	जना			
१.२०	खेत सम्माउने	जना	२.२९	७००.००	१६०३.००
१.४०	गहुँ छर्ने	जना	३.४९	७००.००	२४४३.००
१.५०	गोडमेल र मलखाद दिन	जना	३.३२	७००.००	२३२२.००
१.६०	विषादी छर्न	जना	२.८९	७००.००	२०२३.००
१.७०	गहुँ थन्काउन	जना	२.७५	७००.००	१९२४.००
१.८०	सिंचाई गर्न	जना	३.१७	७००.००	२२१६.००
२.००	सिंचाई खर्च	रु.			५८४८.००
३.००	जोताई खर्च	घण्टा	६.८६	२५००.००	१७१४७.००
४.००	कटाई/ कम्बाइन हार्वेस्टर	कठ्ठा	३०.००	४९०.५०	१४७१५.००
५.००	बीउ	के.जी.	१७०.४२	९०.००	१५३३८.००
६.००	प्राङ्गारीक मल (कुखुराको सुली + गोबर)	क्वीन्टल	०.९८	५०००.००	४९२०.००
७.००	रासायनिक मल				
७.१०	युरिया	के.जी.	३०७.११	३८.००	११६७०.००
७.२०	डि.ए.पि.	के.जी.	२१९.३६	४७.००	१०३१०.००
७.३०	पोटास	के.जी.	२४.४३	३५.००	८५५.००
७.४०	अन्य.............	के.जी.			०.००
८.००	सहायक तत्व र सुक्ष्म तत्व	के.जी.			२०४०.००
९.००	बाली संरक्षण	लमसम			२८५५.००

१०.००	ढुवानी खर्च				
१०.१०	प्राङ्गारिक मल	ट्रिप			६६५.००
१०.२०	रासायनिक मल	के.जी.			१४१०.००
११.००	व्यवस्थापन खर्च	रु.			९२०.००
१२.००	व्याज खर्च (कृषि ऋण/सापटिको)	रु.			२१८५.००
	जम्मा चालु खर्च	रु.			१०३४०९.००
स्थिर खर्च					
क्र.सं.	विवरण	एकाइ	संख्या	दर	जम्मा लागत
१.००	जग्गा भाडा	कट्ठा			
२.००	पानी स्रोत	रु.			
३.००	मलपोत	रु.			५४६.००
	जम्मा स्थिर खर्च	**रु.**			**५४६.००**
अन्य शिर्शभार खर्च					
क्र.सं.	**विवरण**	**एकाइ**	**संख्या**	**दर**	**जम्मा लागत**
१.००	मेसिन/गोदाम/टहरो भाडा				०.००
२.००	मसलन्द, स्टेशनरी				२४०.००
३.००	मर्मत संभार				५०००.००
४.००	सञ्चार महशुल (सामान्य)				०.००
५.००	विद्युत (सामान्य)				१३०.००
	जम्मा शिर्षभार खर्च	**रु.**			**५३७०.००**
जम्मा उत्पादन					
	विवरण	एकाइ	परिमाण	प्रति एकाइ मूल्य	जम्मा
	मुख्य उत्पादन (अन्न)	के.जी.	५१३५.४७	३०.००	१५४०६४.००
	उप उत्पादन (पराल, डाँठ, खोस्टा आदि)	लमसम			
	कुल आम्दानी				**१५४०६४.००**
लाभ लागत अनुपात					
	कुल खर्च				१०९३२५.००
	कुल आम्दानी				१५४०६४.००
	लाभ लागत अनुपात				**१.४१**

प्रति हेक्टर गहुँ खेतीको लागत विवरण, नवलपरासी (ब सु प)

चालु खर्च					
क्र.सं.	विवरण	एकाइ	परिमाण	दर	जम्मा मुल्य रु.
१	श्रमिक खर्च	जना			
१.१	खेत सम्माउने	जना			
१.२	गहुँ छर्ने	जना	३.५२	७००.००	२४६२.००
१.३	गोडमेल र मलखाद दिन	जना	३.२०	७००.००	२२४०.००
१.४	विषादी छर्न	जना	२.३५	७००.००	१६४५.००
१.५	गहुँ थन्काउन	जना	५.०६	७००.००	३५४०.००
१.६	सिंचाई गर्न	जना	३.०२	७००.००	२११५.००
२	सिंचाई खर्च	रु.			६८१८.००
३	जोताई खर्च	घण्टा	७.१४	२५००.००	१७८४०.००
४	कम्बाइन हार्वेस्टर	कठ्ठा	३०.००	३७१.३३	११९४०.००
५	बीउ	के.जी.	१५४.८३	९०.००	१३९३५.००
६	प्राङ्गारीक मल (कुखुराको सुली + गोबर)	क्वीन्टल			
७	रासायनिक मल				
७.१	युरिया	के.जी.	८७.१८	३८.००	३३१३.००
७.२	डि.ए.पि.	के.जी.	१६०.४७	४७.००	७५४२.००
७.३	पोटास	के.जी.	४५.५७	३५.००	१५९५.००
७.४	अन्य.............	के.जी.			४४०.००
८	सहायक तत्व र सुक्ष्म तत्व	के.जी.			
९	बाली संरक्षण	लमसम			१६००.००
१०	ढुवानी खर्च				
१०.१	प्राङ्गारिक मल	ट्रिप			१८४५.००
१०.२	रासायनिक मल	के.जी.			६५०.००

११	व्यवस्थापन खर्च	रु.			१५०.००
१२	व्याज खर्च (कृषि ऋण/सापटिको)	रु.			१८५०.००
	जम्मा चालु खर्च	**रु.**			**८०७२०.००**
स्थिर खर्च					
क्र.सं.	**विवरण**	**एकाइ**	**संख्या**	**दर**	**जम्मा लागत**
१	जग्गा भाडा	कट्ठा			
२	पानी स्रोत	रु.			
३	मलपोत	रु.			६५५.००
	जम्मा स्थिर खर्च	**रु.**			**६५५.००**
अन्य शिर्शभार खर्च					
क्र.सं.	**विवरण**	**एकाइ**	**संख्या**	**दर**	**जम्मा लागत**
१	मेसिन/गोदाम/टहरो भाडा				०
२	मसलन्द, स्टेशनरी				०
३	मर्मत संभार				३०६३.००
४	सञ्चार महशुल (सामान्य)				४०.००
	जम्मा शिर्षभार खर्च	**रु.**			**३१०३.००**
जम्मा उत्पादन					
	विवरण	**एकाइ**	**परिमाण**	**प्रति एकाइ मूल्य**	**जम्मा**
	मुख्य उत्पादन (अन्न)	के.जी.			१२४४३८.००
	उप उत्पादन (पराल, डाँठ, खोस्टा आदि)	लमसम			०
	कुल आम्दानी				१२४४३८.००
लाभ लागत अनुपात					
	कुल खर्च				८४४७८.००
	कुल आम्दानी				१२४४३८.००
	लाभ लागत अनुपात				**१.४७**

७.३ केरा बाली

प्रति हेक्टर केरा खेतीको लागत विवरण नवलपरासी (ब सु प)

क्र.सं.	विवरण	इकाई	पहिलो वर्ष			दोस्रो वर्ष			तेस्रो वर्ष		
			परिमाण	प्रति एकाइ मूल्य	जम्मा	परिमाण	प्रति एकाइ मूल्य	जम्मा	परिमाण	प्रति एकाइ मूल्य	जम्मा
चालु खर्च											
	१ श्रमिक खर्च										
क	बगैंचा रेखाङ्कन	जना	६	७००	४,२००	–	७००	–	–	७००	–
ख	ट्र्याक्टर खर्च	जना	१८	२,५००	४५,०००	–	२,५००	–	–	२,५००	–
ग	खाडल खन्ने	जना	२०	७००	१४,०००	–	७००	–	–	७००	–
घ	मल-माटो मिसाई खाडल पुर्ने	जना	२०	७००	१४,०००	–	७००	–	–	७००	–
ङ	बिरुवा रोप्ने	जना	२०	७००	१४,०००	–	७००	–	–	७००	–
च	छापो/मल्चिंग	जना	–	७००	–	–	७००	–	–	७००	–
छ	सरसफाई, गोडमेल, मल प्रयोग	जना	७५	७००	५२,५००	७५	७००	५२,५००	७५	७००	५२,५००
ज	बाली संरक्षण/स्प्रे	जना	२४	७००	१६,८००	२४	७००	१६,८००	२४	७००	१६,८००
झ	सिंचाई गर्ने	जना	२४	७००	१६,८००	२४	७००	१६,८००	२४	७००	१६,८००
ञ	फल टिप्ने	जना	२०	७००	१४,०००	२०	७००	१४,०००	२०	७००	१४,०००
	कुल श्रमिक खर्च				**१,९१,३००**			**१,००,१००**			**१,००,१००**
	बिरुवा/मलखाद तथा बिषादी										
क	बिरुवा	संख्या	३,०००	५०	१,५०,०००	–	५०	–	–	५०	–
ख	गोबर/कम्पोष्ट मल	ट्राली	१०	६,०००	६०,०००	३	६,०००	१८,०००	२	६,०००	१२,०००

ग	युरिया	के.जी.	१,०२५	३८	३८,९५०	८९०	३८	३३,८२०	८५०	३८	३२,३००
घ	डी.ए.पी.	के.जी.	७२०	४७	३३,८४०	६२४	४७	२९,३२८	६००	४७	२८,२००
ङ	पोटास	के.जी.	१,२५०	३५	४३,७५०	१,०८०	३५	३७,८००	१,०४०	३५	३६,४००
च	किटनाशक बिषादी	लमसम			२०,०००			२०,०००			२०,०००
छ	सिंचाई	लमसम			४५,०००			४५,०००			४५,०००
ज	रोगनाशक बिषादी	लमसम			१०,०००			१०,०००			१०,०००
झ	चुना/क्लोरोपाईरीफस	के.जी.			-			-			-
ञ	सुक्ष्म खाद्यतत्व/बोरेक्स	लमसम			३०,०००			३०,०००			३०,०००
ट	छ्यापोको पराल/खर/पात	के.जी.			-			-			-
	कुल बिरुवा/मलखाद तथा बिषादी				**४,३१,५४०**			**२,२३,९४८**			**२,१३,९००**
	३ सुरक्षा सामाग्री										
क	व्यक्तिगत सुरक्षा सेट	लमसम			३,०००			३,०००			३,०००
ख	प्लास्टिक बाल्टी	संख्या	५	४००	२,०००	५	४००	२,०००	५	४००	२,०००
ग	गमबुट	संख्या	२	१,०००	२,०००	२	१,०००	२,०००	२	१,०००	२,०००
	कुल सुरक्षा सामाग्री				**७,०००**			**७,०००**			**७,०००**
४	बीमा खर्च- प्रिमियम शुल्क	लमसम			-			-			-
५	बार्षिक ब्याज- चालु पूँजीमा	%		१२%	७५,५८१		१२%	३९,७२६		१२%	३८,५२०
	चालु खर्च जम्मा				**७,०५,४२१**			**३,७०,७७४**			**३,५९,५२०**
स्थिर खर्च											
	१ कृषि औजार/उपकरण										
क	स्प्रेयर	संख्या	३	५,०००	१५,०००	-	५,०००	-	-	५,०००	-
ख	सिंचाई पाईप	के.जी.	४०	३००	१२,०००	-	३००	-	-	३००	-

ग	प्लास्टिक क्रेट	संख्या			–			–			–
घ	कुटो, कोदालो	संख्या	५	५००	२,५००	–	५००	–	–	५००	–
ङ	पम्पसेट	संख्या			–			–			–
च	सिकेचर/हसिया	संख्या	५	५००	२,५००	–	५००	–	–	५००	–
					३२,०००			**–**			**–**
२	ह्रास कट्टी ५%	%		५%	१,६००		५%	१,५२०		५%	१,४४४
३	जग्गा भाडा	कठ्ठा	३०	८,०००	२,४०,०००	३०	८,०००	२,४०,०००	३०	८,०००	२,४०,०००
	४ विविध खर्च										
क	मर्मत खर्च	प्रति			–			–			–
ख	मिनिटिलर भाडा	घण्टा	४५	६००	२७,०००	५०	६००	३०,०००	५५	६००	३३,०००
ग	पानी/बिजुली/इन्धन	लमसम			१०,०००			१०,०००			१०,०००
घ	अन्य व्यवस्थापन/भैपरी	लमसम			१५,०००			१५,०००			१५,०००
ङ	ग्रेडिङ/प्याकिङ/बजारीकरण	प्रति			–			–			–
					५२,०००			**५५,०००**			**५८,०००**
	स्थिर खर्च जम्मा				**२,९३,६००**			**२,९६,५२०**			**२,९९,४४४**
	कुल लागत				**९,९९,०२१**			**६,६७,२९४**			**६,५८,९६४**

उत्पादन, आम्दानी र लाभ—लागत अनुपात											
१	**कुल आम्दानी**	दर्जन	३६,०००	५०	**१८,००,०००**	३३,०००	५०	**१६,५०,०००**	३०,०००	५०	**१५,००,०००**
२	**खुद नाफा**	रू			**८,००,९७९**			**९,८२,७०६**			**८,४१,०३६**
३	**लाभ—लागत अनुपात**				**१.८०**			**२.४७**			**२.२८**

८. नतीजा विश्लेषण

अध्ययन अन्तर्गत रुपन्देही जिल्लाको धान, रुपन्देही तथा नवलपरासी जिल्लाको गहुँ र नवलपरासी जिल्लाको केरा खेतीको आर्थिक विश्लेषण गरिएको थियो। विश्लेषणबाट सबै बालीहरूको लाभ लागत अनुपात (B/C Ratio) १ भन्दा माथि रहेको पाइएकोले सबै बालीहरू आर्थिक रूपमा लाभदायक रहेको पुष्टि भएको छ।

धान, गहुँ र केराको तुलनात्मक अध्ययन						
बाली / स्थान	**कुल लागत (रु.)**	**कुल आम्दानी (रु.)**	**खुद नाफा (रु.)**	**लाभ लागत अनुपात**	**नाफा मार्जिन**	**निर्णय**
धान (चामल) ‘ रुपन्देही	१,३४,७२३	१,७६,६८७	४१,९६४	**१.३१**	२३.८%	**नाफामूलक**
गहुँ ‘ रुपन्देही	१,०९,३२५	१,५४,०६४	४४,७३९	**१.४१**	२९.०%	**नाफामूलक**
गहुँ ‘ नवलपरासी	८४,४७८	१,२४,४३८	३९,९६०	**१.४७**	३२.१%	**नाफामूलक**
केरा ‘ नवलपरासी (३ वर्ष औसत)	२३,२५,२७९	४९,५०,०००	२६,२४,७२१	**२.१३**	५३.०%	**नाफामूलक**



केरा खेतीले सबैभन्दा उच्च लाभ लागत अनुपात (B/C = 2.13) प्राप्त गरी अध्ययनमा समावेश बालीहरूमध्ये सर्वाधिक आर्थिक प्रतिफल दिने बालीको रूपमा देखिएको छ। केरा खेतीबाट औसत रु. 26.25 लाख प्रति हेक्टर खुद नाफा प्राप्त भएको देखिएको छ। यद्यपि प्रारम्भिक लगानी उच्च रहे पनि दोस्रो र तेस्रो वर्षमा उत्पादन लागत घट्दै जाँदा नाफादर उल्लेखनीय रूपमा वृद्धि भएको पाइयो।

खाद्यान्न बालीमध्ये नवलपरासीको गहुँ खेती सबैभन्दा दक्ष र लाभदायक देखिएको छ। यस बालीको B/C अनुपात 1.47, खुद नाफा रु. 39,960 प्रति हेक्टर तथा नाफा मार्जिन 32.1 प्रतिशत रहेको पाइयो। रुपन्देहीको गहुँको तुलनामा नवलपरासीमा उत्पादन लागत विशेषगरी बीउ, मल तथा विषादीजस्ता इनपुट खर्च कम भएकाले आर्थिक दक्षता बढी देखिएको हो।

रुपन्देही जिल्लाको गहुँ खेतीको B/C अनुपात 1.41 तथा खुद नाफा रु. 44,739 प्रति हेक्टर रहेको पाइयो। यस बालीमा कुल लागतको सबैभन्दा ठूलो हिस्सा (43.9%) बीउ, मल तथा विषादीजस्ता कृषि सामग्रीमा खर्च भएको देखिन्छ। उचित मल व्यवस्थापन तथा माटो परीक्षणमा आधारित पोषण व्यवस्थापन अपनाएमा उत्पादन लागत घटाई थप नाफा वृद्धि गर्न सकिने सम्भावना रहेको छ।

रुपन्देही जिल्लाको धान खेतीको B/C अनुपात 1.31 रहेको छ, जुन अध्ययनमा समावेश खाद्यान्न बालीहरूमध्ये सबैभन्दा कम भए पनि आर्थिक रूपमा लाभदायक रहेको देखिन्छ। धान उत्पादनमा कुल लागतको 31 प्रतिशत श्रम खर्चमा र करिब 30 प्रतिशत मेसिन तथा जोताइ कटाइमा खर्च भएको पाइयो। रोपाइँ तथा गोडमेलजस्ता श्रम सघन कार्यका कारण श्रम लागत उच्च रहेको देखिन्छ।

बालीअनुसार प्रमुख लागत शीर्षकहरू फरक फरक रहेको पाइयो। धानमा श्रम लागत प्रमुख खर्च शीर्षक रहेको छ भने गहुँमा कृषि सामग्री (बीउ, मल तथा विषादी) मुख्य लागत कारकका रूपमा देखिएको छ। त्यसैगरी केरा खेतीमा कृषि सामग्री तथा जग्गा भाडा लागतले कुल खर्चको ठूलो हिस्सा ओगटेको छ।

समग्र रूपमा अध्ययनले केरा खेती दीर्घकालीन रूपमा उच्च आर्थिक प्रतिफल दिने व्यवसायिक बाली भएको देखाएको छ भने खाद्यान्न बालीमध्ये गहुँ खेती धानभन्दा बढी आर्थिक रूपमा प्रतिस्पर्धी र लाभदायक रहेको निष्कर्ष निकाल्न सकिन्छ। उत्पादन लागत घटाउने प्रविधि, माटो परीक्षणमा आधारित पोषण व्यवस्थापन, कृषि यान्त्रीकरण तथा उपयुक्त बाली विविधीकरण कार्यक्रमहरू कार्यान्वयन गर्न सकेमा किसानको आम्दानी तथा कृषि उद्यमको आर्थिक दक्षता थप वृद्धि हुने देखिन्छ।

९. सारांश तथा सुझावहरू

अध्ययन गरिएका धान, गहुँ तथा केरा बालीहरूको लाभ लागत विश्लेषणबाट सबै बालीहरू आर्थिक रूपमा लाभदायक रहेको देखिएको छ। अध्ययनमा समावेश बालीहरूमध्ये केरा खेती सबैभन्दा बढी लाभदायक देखिएको छ भने खाद्यान्न बालीमध्ये नवलपरासीको गहुँ खेती सबैभन्दा बढी आर्थिक दक्ष रहेको पाइयो। धान खेतीमा श्रम लागत तथा गहुँमा कृषि सामग्री (बीउ, मल तथा विषादी) लागत प्रमुख खर्चका रूपमा देखिएका छन्। समग्रमा उचित लागत व्यवस्थापन र आधुनिक कृषि प्रविधिको प्रयोगबाट बाली उत्पादनको आर्थिक प्रतिफल अझ वृद्धि गर्न सकिने सम्भावना रहेको देखिन्छ। धान उत्पादनमा श्रम लागत घटाउन यान्त्रीकरण तथा श्रम-बचत प्रविधिहरूको प्रवर्द्धन गर्न आवस्यक देखिन्छ। गहुँ उत्पादनमा माटो परीक्षणमा आधारित सन्तुलित मल प्रयोग तथा उन्नत कृषि अभ्यासमार्फत इनपुट लागत न्यूनीकरण गर्नुपर्छ। उच्च लाभ लागत अनुपात भएका केराजस्ता व्यवसायिक बालीहरूको विस्तार तथा प्रवर्द्धनमा प्राथमिकता दिनुका साथै किसानको आय वृद्धि तथा जोखिम न्यूनीकरणका लागि खाद्यान्न र नगदे बालीको समुचित बाली विविधीकरण कार्यक्रम सञ्चालन गर्न सकिन्छ। उत्पादन लागत घटाउने तथा उत्पादकत्व वृद्धि गर्ने प्रविधि, सीप तथा सेवा किसानसम्म प्रभावकारी रूपमा विस्तार गर्न आवश्यक छ।

अनुसुचि १जोन/सुपरजोनको कमाण्ड क्षेत्र

जोन/सुपरजोन	जिल्ला	कमाण्ड क्षेत्र (पालिकाको नाम ,वडा आदि)
धान जोन	नवलपरासी (ब.सु.प.)	सुनवल न.पा. २,३ र ९ नं वडाहरु; रामग्राम न.पा. १४ नं वडा
गहुँ जोन	रुपन्देही	मर्चवारी गा.पा. ४,५, ६, ७ नं. वडा; कोटहीमाई गा.पा. ५, ६, ७ नं. वडा;र सम्मरीमाई गा.पा. ४,६, ७ नं. वडा;
गहुँ जोन	नवलपरासी (ब.सु.प.)	सुनवल न.पा. ११ र १२ नं. वडा; सरावल गा.पा. ३ र ४ नं. वडा; रामग्राम न.पा. १६, १८ नं. वडा पाल्हिनन्दन गा.पा. ६ नं. वडा
केरा जोन	नवलपरासी (ब.सु.प.)	सुस्ता गा.पा. ४ र ५ वडा; प्रतापपुर गा.पा. ६, ७, ८ नं वडा

अनुशुची २ धान लाभ—लागत विश्लेषण

स्थानः रुपन्देही | एकाइः प्रति हेक्टर (लगभग)				
लागत शीर्षक	**रकम (रु.)**	**कुल लागतको %**	**टिप्पणी**	
श्रमिक लागत	४१,८२२	३१.०%		
मेसिन/जोताई/कटाई	३९,८७५	२९.६%		
इनपुट (बीउ-मल-बिषादी)	३२,९७३	२४.५%		
सिंचाई	७,८००	५.८%		
ढुवानी	७,५६५	५.६%		
स्थिर खर्च	१,५६३	१.२%		
शिर्षभार खर्च	३,१२५	२.३%		
कुल लागत (जम्मा)	**१,३४,७२३**	**१००.०%**		
नतिजा सारांश				
मुख्य उत्पादनबाट आम्दानी (रु.)				**१,४८,०२५**
उप-उत्पादनबाट आम्दानी (रु.)				**२८,६६२**
कुल आम्दानी (रु.)				**१,७६,६८७**
कुल लागत (रु.)				**१,३४,७२३**
खुद नाफा (रु.)				**४१,९६४**
नाफा मार्जिन (%)				**२३.८%**
अनुपात				**१.३१**

अनुशुची ३ गहुँ (रुपन्देही) लाभ लागत विश्लेषण

स्थानः रुपन्देही | एकाइः प्रति हेक्टर (लगभग)				

लागत शीर्षक	रकम (रु.)	कुल लागतको %	टिप्पणी	
श्रमिक लागत	१२,५३१	११.५%		
मेसिन/जोताई/कटाई	३१,८६२	२९.१%		
इनपुट (बीउ-मल-बिषादी)	४७,९८८	४३.९%		
सिंचाई	५,८४८	५.३%		
ढुवानी	२,०७५	१.९%		
व्यवस्थापन/ब्याज	३,१०५	२.८%		
स्थिर खर्च	५४६	०.५%		
शिर्षभार खर्च	५,३७०	४.९%		
कुल लागत (जम्मा)	**१,०९,३२५**	**१००.०%**		
नतिजा सारांश				
मुख्य उत्पादनबाट आम्दानी (रु.)				**१,५४,०६४**
उप-उत्पादनबाट आम्दानी (रु.)				**–**
कुल आम्दानी (रु.)				**१,५४,०६४**
कुल लागत (रु.)				**१,०९,३२५**
खुद नाफा (रु.)				**४४,७३९**
नाफा मार्जिन (%)				**२९.०%**
अनुपात				**१.४१**

अनुशुची ४ गहुँ (नवलपरासी) लाभ लागत विश्लेषण

स्थानः नवलपरासी | एकाइः प्रति हेक्टर (लगभग)				
लागत शीर्षक	**रकम (रु.)**	**कुल लागतको %**	**टिप्पणी**	
श्रमिक लागत	१२,००२	१४.२%		
मेसिन/जोताई/कटाई	२८,९८०	३४.३%		
इनपुट (बीउ-मल-बिषादी)	२८,४२५	३३.६%		
सिंचाई	६,८१८	८.१%		
ढुवानी	२,४९५	३.०%		
व्यवस्थापन/ब्याज	२,०००	२.४%		
स्थिर खर्च	६५५	०.८%		
शिर्षभार खर्च	३,१०३	३.७%		
कुल लागत (जम्मा)	**८४,४७८**	**१००.०%**		
नतिजा सारांश				
मुख्य उत्पादनबाट आम्दानी (रु.)				**१,२४,४३८**
उप-उत्पादनबाट आम्दानी (रु.)				**–**
कुल आम्दानी (रु.)				**१,२४,४३८**
कुल लागत (रु.)				**८४,४७८**
खुद नाफा (रु.)				**३९,९६०**

नाफा मार्जिन (%)	**३२.१%**
अनुपात	**१.४७**

अनुशुची ५ केरा खेती लाभ-लागत विश्लेषण (३ वर्षे)

स्थानः नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | प्रति हेक्टर			
लागत शीर्षक	**पहिलो वर्ष**	**दोस्रो वर्ष**	**तेस्रो वर्ष**
श्रमिक लागत	१,९१,३००	१,००,१००	१,००,१००
इनपुट (बिरुवा-मल-बिषादी)	४,३१,५४०	२,२३,९४८	२,१३,९००
सुरक्षा सामाग्री	७,०००	७,०००	७,०००
ब्याज (चालु पूँजी)	७५,५८१	३९,७२६	३८,५२०
ह्रास कट्टी	१,६००	१,५२०	१,४४४
जग्गा भाडा	२,४०,०००	२,४०,०००	२,४०,०००
विविध खर्च	५२,०००	५५,०००	५८,०००
कुल लागत (जम्मा)	**९,९९,०२१**	**६,६७,२९४**	**६,५८,९६४**
कुल आम्दानी (रु.)	**१८,००,०००**	**१६,५०,०००**	**१५,००,०००**
खुद नाफा (रु.)	**८,००,९७९**	**९,८२,७०६**	**८,४१,०३६**
अनुपात	**१.८०**	**२.४७**	**२.२८**
तीन वर्षको समष्टिगत नतिजा			
कुल लागत ३ वर्ष (रु.)			**२३,२५,२७९**
कुल आम्दानी ३ वर्ष (रु.)			**४९,५०,०००**
कुल खुद नाफा ३ वर्ष (रु.)			**२६,२४,७२१**
समष्टिगत अनुपात			**२.१३**